# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
# थापाथली, काठमाण्डौको

## बैदेशिक रोजगार बचतपत्र बिक्री (प्राथमिक निष्कासन) को कार्य गर्न ईच्छुक निकायहरुलाई सोको इजाजत लिने सम्बन्धी दरखास्त आव्हानको
## सूचना

नेपाल सरकारको आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमा व्यवस्था भए अनुसार बैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरुले खरिद गर्न पाउने गरी निकट भविष्यमा जारी गर्न लागिएको बैदेशिक रोजगार बचतपत्र प्राथमिक बजारबाट बिक्री गर्नको लागि तपसिल बमोजिमको शर्त तथा सुविधामा काम गर्न ईच्छुक विप्रेषण कार्यमा संलग्न इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था तथा मनी ट्रान्सफर कंपनीहरुबाट इजाजतपत्र लिनका लागि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बचतपत्र बिक्री गर्न चाहेको देशको नाम समेत उल्लेख गरी रितपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

(क) इजाजतका लागि संलग्न गर्नुपर्ने कागजातहरु:

१. नेपाल राष्ट्र बैंकबाट विप्रेषण सम्बन्धी कारोवार गर्न प्रदान गरिएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि,
२. विप्रेषण सम्बन्धी कारोवार गर्न सम्बन्धित मुलुकका आधिकारिक निकायहरुले प्रदान गरेको इजाजतपत्र वा यस सम्बन्धमा इजाजतप्राप्त सम्बन्धित निकायहरुसँग भएको संझौताको प्रमाणित प्रतिलिपि,
३. इजाजत दस्तुर बापत यस बैंकको नाफा नोक्सान आम्दानी हिसाव फूटकरमा जम्मा गरेको रु.१,०००।- (रु. एक हजार रुपैयाँ मात्र) को सक्कल भौचर ।

(ख) मुख्य शर्त तथा सुविधाहरु:

१. उल्लेखित बचतपत्र हाललाई दक्षिण कोरिया, मलेशिया, संयुक्त अरब इमिरेट्स, साउदी अरेविया र कतारमा काम गर्न गएका नेपाली नागरिकहरुलाई बिक्री गर्ने भएकोले उल्लेखित देशहरुमध्येबाट सवै वा कुनै एक देशबाट विप्रेषण कारोवार गर्ने इजाजत प्राप्त भएको हुनु पर्नेछ ।
२. बचतपत्र बिक्रीबाट संकलन भएको विदेशी मुद्रा सोही दिन वा सोको भोलिपल्ट अनिवार्य रुपले छिटो माध्यमबाट यस बैंकको खातामा जम्मा गर्नु पर्नेछ ।
३. प्राथमिक बजारबाट उक्त बचतपत्र बिक्री गरे बापत इजाजत प्राप्त निकायहरुलाई बिक्री गरिएको कुल रकममा ०.२५ प्रतिशतका दरले बिक्री दलाली कमिशन प्रदान गरिनेछ ।
४. यो बचतपत्र बिक्री गर्दा खरिदकर्ताबाट अतिरिक्त शुल्क लिन पाइने छैन ।
५. यस बाहेकका थप शर्त, सुविधाका वारेमा तथा यस सम्बन्धी विस्तृत जानकारीका लागि विभागको टेलिफोन नं. ४२५७८८० मार्फत वा विभागमा स्वयम् उपस्थित भई सम्पर्क गर्न सकिने छ ।

साथै, भविष्यमा माथि उल्लेखित देशहरुवाहेक अन्य देशहरुबाट समेत बचतपत्र बिक्री गर्ने व्यवस्था भएमा थप देशका लागि समेत सोहि इजाजतपत्रमा तदनुरुप देशको नाम आवश्यक्तानुसार थप गर्ने व्यवस्था मिलाइनेछ ।

मिति: २०६७ जेष्ठ १२ गते ।